**नगरकोट हत्याकाण्डसम्बन्धी छानबिन आयोगका अध्यक्षलाई नेपालस्थित संयुक्त राष्ट्रसङ्घीय मानवअधिकार उच्चायुक्तको कार्यालयले लेखेको पत्र**

**प्रेस विज्ञप्ति**

**२२ डिसेम्बर २००५**

नेपालस्थित संयुक्त राष्ट्रसङ्घीय मानवअधिकार उच्चायुक्तको कार्यालयले १४ डिसेम्बर २००५ को नगरकोट हत्याकाण्डसम्बन्धी छानबिन आयोगका अध्यक्ष तथा पूर्व न्यायाधीश टोप बहादुर सिंहलाई आयोगको स्थापनाको स्वागत गर्दै तथा गोलीकाण्डको अनुसन्धान एवं यस्ता घटनालाई कसरी रोक्न सकिन्छ भन्नेबारे सिफारिसहरूको तर्जुमा गर्न आयोगका लागि मानकको रूपमा रहने अन्तर्राष्ट्रिय मापदण्डहरूमाथि जोड दिँदै पत्र लेखेको छ ।

नेपालस्थित आयोगका प्रतिनिधि इयान मार्टिनले पत्रमा लेख्नु भएको छ : “आयोगको स्थापनालाई गोलीकाण्डको पूर्ण, शीघ्र तथा निष्पक्ष अनुसन्धान सुनिश्चित गर्ने श्री ५ को सरकारको प्रतिबद्धताको रूपमा हामीले आशा राखेका छौं ।”

श्री ५ को सरकारसँग भएको सम्झौताले मानवअधिकार उच्चायुक्तको कार्यालयलाई नेपालमा मानवअधिकार स्थिति तथा अन्तर्राष्ट्रिय मानवीय कानुनको पालना भए नभएको अनुगमन गरी सोबारे प्रतिवेदन गर्न तथा सम्बद्ध अन्तर्राष्ट्रिय मानवअधिकार तथा मानवीय कानुनको पालना सुनिश्चित गर्नका लागि सबै सम्बद्ध पक्षलाई संलग्न गराउन सक्ने कार्यादेश दिएको छ ।

मार्टिनले टोपबहादुर सिंहलाई लेख्नु भएको पत्रमा आफ्नो आयोगले घटनाक्रमहरूलाई नजिकबाट नियालीरहेको उल्लेख गर्दै भन्नु भएको छ :

“गोलीकाण्ड घटनास्थललगायत सबै प्रमाणको समुचित ढङ्गले संरक्षण गर्न नसकिएकोमा विशेषतः हामी चिन्तित छौं, जसले आयोगले गर्ने पूर्ण अनुसन्धानलाई अझ कठिन बनाउने छ ।”

आयोगको कार्यलाई निर्देशित गर्ने सम्बद्ध अन्तर्राष्ट्रिय मापदण्डहरू भएको “गैर-कानुनी तथा स्वेच्छाचारी हत्याको प्रभावकारी रोकथाम तथा अनुसन्धानसम्बन्धी राष्ट्रसङ्घीय सिद्धान्तहरू”को महत्वलाई मार्टिनले जोड दिनु भएको छ । यसमा आयोगका सदस्यहरूको निष्पक्षता र स्वतन्त्रता तथा छानबिनका लागि आवश्यक पर्ने सबै किसिमका जानकारी प्राप्त गर्न सक्ने आयोगका अधिकार पर्दछन् ।

उक्त पत्रले उजुरीकर्ता, प्रत्यक्षदर्शी तथा अनुसन्धानमा संलग्नहरूलाई हिंसा वा अन्य कुनै किसिमको डर-धम्कीबाट सुरक्षित राखिने, मृतकका परिवार तथा तिनका कानुनी प्रतिनिधिहरूलाई कुनै पनि सुनुवाई एवं अनुसन्धानसँग सम्बन्धित सबै जानकारीको पहुँच तथा सोबारे जानकारी उपलब्ध गराइने एवं उनीहरूले अन्य प्रमाणहरू प्रस्तुत गर्न पाउने अधिकारलगायत ६ अन्य सिद्धान्तहरूमाथि जोड दिएको छ । अनुसन्धानले अन्य कुराको अतिरिक्त मृत्युको कारण हुन सक्ने कुनै पनि प्रवृत्ति र अभ्यासको निधो गर्नु पर्ने र सरकारले मनासिब समय अवधिभित्र या त अनुसन्धान प्रतिवेदनको जवाफ पठाउनु पर्ने वा त्यसको प्रत्युत्तरमा कदमहरू चाल्नुपर्ने कुरा उक्त सिद्धान्तमा उल्लेख गरिएका छन् ।

मार्टिनले अन्त्यमा भन्नु भएको छ : “उच्चायोगले अनुसन्धानको सक्रिय अनुगमन गर्नेछ र सम्बद्ध अन्तर्राष्ट्रिय मानवअधिकार मापदण्ड र अभ्यास एवं पर्याप्त वैज्ञानिक परीक्षण तथा अन्य प्राविधिक संसाधनका लागि आयोगलाई सहयोग उपलब्ध गराउन उच्चायोग तयार छ ।”

थप जानकारीका लागि किरण ड्वयरलाई सम्पर्क गर्नुहोला :
टेलिफोन : ४ २८० १६४ (एक्सटेन्सन ३२१)
मोवाइल : ९८५१० १४२६३
इमेल : kdwyer.ohchr@undp.org